# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं मार्ग ४ गते ०८ साल [संख्या १५

भाग १

श्रीः

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज त्रिभुवनवीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।

आगे हाम्रा प्यारा प्रजाहरू गैह्रके, यथोचित ।

उप्रान्त मन्त्रिमण्डलका पुनर्निर्माणका लागि दुवै पक्षका मन्त्रीहरू थोडबहुतले सल्लाह दिएकोले,

र, प्रधानमन्त्री महाराज मोहनशमशेर जङ्गबहादुर राणा र अरू मन्त्रीहरूले राजीनामा पेश गरेकाले अहिलेको मन्त्रिमण्डल कायम नरहने भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र, यी मन्त्रिमण्डलले काम गर्दुन्जेल निःसन्देह धेरै नै बेस काम गरेका छन् तापनि इच्छामुताबिक उन्नति भएन भन्ने हाम्रो विश्वास छ। हाम्रा प्रजाहरू पनि हामीले चिताए जस्तै सुखी र सन्तुष्ट हुन सकेका छैनन्। हाल हुन आएको परिस्थितिको धेरै कारणमध्ये विभक्त उत्तरदायित्व नै शायद एउटा मुख्य हेतु हो कि भन्ने स्पष्टै देखिएकोले,

र, देशलाई पूर्ण प्रजातन्त्रात्मक ढंगमा ढाल्ने वैधानिक सभाले तरजुमा गर्ने विधानअनुसार हाम्रा देशको शासन चलाउने हाम्रो घोषित उद्देश्य हो। विधि-पूर्वकको निर्वाचनद्वारा हाम्रो प्रजाको राय निश्चित हुन आउँदा सरकार निर्माण गर्ने कामको अभिभारा अधिकांश पक्षका नेता हुन आउनेछ। तर यो वर्तमान परि-वर्तनमा लोकप्रिय र जनताको इच्छाअनुसार चल्ने सरकार खडा गर्ने इच्छा हामीबाट गरिबक्सेको छ। विभक्त उत्तरदायित्व तथा आपस्त मतभेद हटाउने र हाम्रा देशको सकभर धेरै आवश्यक कुराको हित गर्ने प्रतिनिधिस्वरूपको सर-कार खडा गर्ने हाम्रो चेष्टा छ। हाम्रो मुलुकको असल र हित गर्ने सरकारको उत्तरदायित्वको भार पूर्णतौरले थाम्न सक्ने प्रधानमन्त्रीको नियुक्ति गरिबक्सने हाम्रो इच्छा छ र स्वभावतःयस्तो प्रधानमन्त्रीले धेरैजसो हाम्रो प्रजाको शुभे-च्छा लिन सक्ने हुनुपर्छ। निर्वाचन नहुन्जेल र जनताको राय यसरी निश्चित नहुन्जेल यो आदर्श असल तरिकासँग पूरा गर्ने धेरैले रुचाएको सबभन्दा ठूलो संस्थाको नेता हुनुपर्छ भन्ने हामीलाई लाग्छ। हुनसम्म हाम्रा प्रधानमन्त्रीको सल्लाह-मुताबिक अरू मन्त्रीहरू हामीबाट नियुक्त गरिबक्सनेछ। संस्थाहरू छाडेर, महत्व भएको विभिन्न सांस्कृतिक र आर्थिक दलहरू तथा क्षेत्रहरू हाम्रो देशमा भएको हुनाले प्रधानमन्त्रीले यो विचार राख्नपर्छ कि मन्त्रिमण्डल, समाजका धेरैजसो विभाग र देशका विभिन्न भागहरूको चित्त बुझ्ने किसिमको र ठीक प्रतिनिधि-स्वरूपको हुनुपर्छ।

तसर्थ विभिन्न तत्वहरूसंग सल्लाह गरी सहयोग दिन सक्नेहरूको सहयोग पाई नेपाली कांग्रेसका सभापति श्रीमातृकाप्रसाद कोइरालालाई हाम्रा प्रधानमन्त्रीको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदको अभिभारा दिनलाई यस घोषणाद्वारा हामीबाट आमन्त्रण गरिबक्सेको छ। तपसीलका सदस्यहरूलाई पनि मन्त्रिमण्डलमा हामीबाट नियुक्त गरिबक्सेको छ।

| | |
|---|---|
| मेजर जनरल सुवर्णशमशेर | मन्त्री। |
| श्रीसूर्यप्रसाद उपाध्याय | मन्त्री। |
| श्रीभद्रकाली मिश्र | मन्त्री। |
| श्रीगणेशमानसिंह | मन्त्री। |
| जनरल केसरशमशेर | मन्त्री। |
| श्रीमहेन्द्रविक्रम शाह | मन्त्री। |
| मेजर जनरल महावीरशमशेर | मन्त्री। |
| श्रीखड्गमानसिंह | मन्त्री। |
| मेजर जनरल सारदाशमशेर | मन्त्री। |
| श्रीनारदमुनि थुलुङ्ग | मन्त्री। |
| श्रीभगवतीप्रसादसिंह | मन्त्री। |
| कप्तान नरबहादुर गुरुङ | उपमन्त्री। |
| श्रीधर्मरत्न | उपमन्त्री। |

हामीबाट पूरा इच्छा गरिबक्सिन्छ कि हाम्रा नयाँ प्रधानमन्त्रीले उदार राजनीतिज्ञताको विचारले यो कर्तव्य पालना गर्नेछन् र मन्त्रिमण्डलमा जनताको निस्पक्षता सद्भावना तथा श्रद्धा रहने किसिमसंग मन्त्रिमण्डलको कार्यसम्पादन गराउन सक्लान् भन्ने हाम्रो पूरा आशा छ।

जनताको सुरक्षा तथा कानूनव्यवस्था कायम रहने गरी जनताका नागरिक हकहरू सकेसम्म चाँडो स्पष्ट र निश्चय गर्ने हाम्रो प्रधानमन्त्रीको कर्तव्य हुनेछ। तपसीलका विषयमा सकभर चाँडो काम गर्ने पनि हाम्रा मन्त्रिमण्डलको कर्तव्य हुनेछ।

( क ) शासनविभागको प्रभाव बिलकुल नपर्ने गरी स्वतन्त्र न्यायविभाग खडा गर्ने।

( ख ) पब्लिक सर्भिसकमिशनको राम्रो किसिमसंग कार्यसम्पादन गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सकभर २००९ साल भित्रैमा वैधानिक सभा खडा हुने किसिमसंग निर्वाचनको चाँडो बन्दोबस्त गर्ने ।

(घ) पुलीस तथा फौजको पुनःसंगठन र उचित तालीम गर्ने ।

यो कुरा थप्न हामीबाट इच्छा गरिबक्सिन्छ कि हाम्रो भूतपूर्व प्रधानमन्त्री महाराज मोहनशमशेर जङ्गबहादुर राणाले नयाँ परिस्थितिमा आफूलाई मिलाउन सॉच्च नै असाधारण तरिकाले मिली काम गरेको हो । निजले पहिल्यैदेखि पाइराखेको अधिकार तथा शक्ति, र सो शक्तिको अन्त गर्ने आमूल परिवर्तनको विचार गर्दा बदलिरहेको परिस्थितिमा मिली काम गरेकोमा हामीबाट निजलाई बधाइ बक्सेको छ । अहिले हाम्रा प्रधानमन्त्रीको हैसियतमा नरहे पनि नेपालको उन्नति हुने काममा निजले ध्यान दिइनै रहनेछन् भन्ने आशा हामीबाट गरिबक्सिन्छौं।

र, हाम्रो नयाँ मन्त्रिमण्डलको सामने आइपरेको ठूलो कार्यभारमा पूर्ण सहायता तथा सहयोग दिनलाई हाम्रा प्रजावर्गलाई यस घोषणाद्वारा आमन्त्रण गर्छौं । सरकारी कर्मचारीहरुलाई विशेषरूपले होशियारिको केही आदेश गरिबक्सन्छौं । निजहरुले आफूलाई सरकारी कर्मचारी सम्झी नेक नियत तथा अनुकरणीय अदबको पालन गर्नुपर्छ । तिनीहरुले बेहिसाबको व्यवहार गर्नुहुँदैन र हाम्रा प्रजाको सुबिस्ता र भलाइका लागि राम्रो र यत्नपूर्वक काम गर्न पछि नहटी साँच्चिकैको देशसेवक हो भन्ने कुरा आफ्नो काम र स्वभावले जनाउनुपर्छ। प्रजातान्त्रिक देशहरूको प्रथामुताबिक यो कुरा स्पष्टै देखिन्छ कि राजनैतिक परिवर्तनको वास्ता नराखी आफ्नो बुद्धिले भेटेसम्म अव्यक्तिगत तरिकाले बफादारी र श्रद्धापूर्वक काम गर्न सबै सरकारी कर्मचारीहरूको बाध्य कर्तव्य हो ।

हाम्रो प्रबल आशा छ कि यी नयाँ परिवर्तनहरू स्वच्छ प्रजातन्त्र, प्रगति तथा संवृद्धितर्फको हाम्रो बाटोमा अर्को कदम हो ।

श्रीपरमेश्वरले हामी र हाम्रा मातहतका अधिकारीवर्गलाई हाम्रा प्रजाको भलाइको निमित्त हाम्रो इच्छाहरू पालना गर्नलाई शक्ति प्रदान गरून् ।

नारायणहिटी दरबार, काठमान्डू .

इति सम्बत् २००८ साल मार्ग १ गते रोज ६ शुभम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# गृहमन्त्रालयको सूचना

०८।८।३।१

देहायबमोजिम मन्त्रीहरूको कामको बाँडफाँट भएको छ।

श्रीमातृकाप्रसाद कोइराला प्रधानमन्त्री, साधारण राज्य—व्यवस्था र परराष्ट्रमन्त्री १
श्रीसुवर्णशमशेर जङ्गबहादुर राणा अर्थमन्त्री १
श्रीसूर्यप्रसाद उपाध्याय गृह र खाद्यमन्त्री १
श्रीभद्रकाली मिश्र यातायातमन्त्री १
श्रीगणेशमानसिंह कवि, पशुसंरक्षण र भूमिव्यवस्थामन्त्री १
श्रीकेसरशमशेर जङ्गबहादुर राणा रक्षामन्त्री १
श्रीमहेन्द्रविक्रम शाह उद्योग वाणिज्य र रसदमन्त्री १
श्रीमहावीरशमशेर जङ्गबहादुर राणा योजना विकाश, खानी, वन र विद्युत-मन्त्री १
श्रीखड्गमानसिंह संसदीय प्रबन्धमन्त्री १
श्रीसारदाशमशेर जङ्गबहादुर राणा शिक्षामन्त्री १
श्रीनारदमुनि थुलुंग स्थानीय स्वायत्तशासनमन्त्री १
श्रीभगवतीप्रसादसिंह कानून र न्यायमन्त्री १
श्रीनरबहादुर गुरूङ उपमन्त्री १
श्रीधर्मरत्न यमी उपमन्त्री १

# सूचना

०८।८।३।१

०८।५।२७।४ देखि मार्ग मसान्तसम्म मे. ज. सारदाशमशेर ज. ब. रा. परराष्ट्रमन्त्रालयको डाइरेक्टर जनरलमा नियुक्त हुनुभएको छ।

सेक्रेटरी--गृहमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना

०८ साल कार्तिक १६ गते मन्त्रिमण्डल बैठकको निर्णय.

श्रावण २२ गते प्रकाशित गजेटमा अन्तरीम जेलसुधार योजनाको ५ नं. को दफा (ख) र (ङ) मा सच्याउने प्रस्तावमा तल लेखिएबमोजिम गर्ने निर्णय भएको हुनाले लेखिएबमोजिम सच्याई सोबमोजिम गर्ने गराउने गर्नु ।

(१) अन्तरीम जेलसुधार योजनाको नम्बर ५ को दफा (ख) मा " कैदीहरू " मात्र लेखिएकोमा अब " कैदी र थुनुवाहरू " भनी लेख्ने ।

(२) अन्तरीम जेलसुधार योजनाको नम्बर ५ को दफा (ङ) मा " पहाड तर्फलाई " भनी लेखिएकोमा अब " नेपाल पहाडलाई " भनी लेख्ने ।

सेक्रेटरी—

गृहमन्त्रालय.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।